जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ९९ पृष्ठः ४ | २०८३ साउन २२ शुक्रबार (Friday 06 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजारमा रास्वपा सांसदको भड्काउपूर्ण अभिव्यक्ति, श्रद्धाञ्जली सभामा तनाव






**मणिलाल विश्वकर्मा**

सिरहा, २१ साउन। सुनसरीको कप्तानगन्ज र सिराहाको गोलबजारमा प्रहरीको गोली लागेर मारिएका चारजना युवाहरूको सम्झनामा आयोजित श्रद्धाञ्जली कार्यक्रममा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदले भड्काउपूर्ण अभिव्यक्ति दिएपछि हो–हल्ला हुँदा केही बेर तनावपर्ण अवस्था बन्यो।

गोलबजारस्थित उद्योग व्यापार संघको सभाकक्षमा सुनसरी सिराहा घटनाका मृतकहरूको सम्झनामा आयोजित श्रद्धाञ्जली कार्यक्रममा रास्वपाबाट निर्वाचित सिरहा ४ का सांसद तपेश्वर यादवले आफ्नो पार्टी नेतृत्वको सरकार र आगामी निर्वाचनमा आफूहरूको उपस्थिति कमजोर बनाउने षड्यन्त्र भइरहेको दाबी गरेपछि हो–हल्लासँगै केहीबेर तनावपूर्ण अवस्था बनेको हो। 'यो घटना कसले गराएको हो?' आक्रोशित हुँदै उनले भने, 'करिब १५ दिनअगावै छिमेकीको सामान्य झगडामा हिन्दु महिलालाई कुट्यो भनेर प्रचार गर्ने को हुन्?'

गोलबजारको घटनापछि स्थानीय बजार पसल सामान्य रूपले खुल्न नसकिरहेको सन्दर्भमा विभिन्न समुदायका अगुवाहरूको पहलमा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता कायम गर्ने प्रयासस्वरूप गरिएको कार्यक्रममा सांसद यादव त्यतिमै रोकिएनन्। 'हिन्दु–मुस्लिम, पहाडी–मधेशीको नाममा लडाइँ कसले गराएको हो?' उनले भने, 'विगतमा देश जलाउने परिपाटीको थालनी कसले गरेको हो? देशलाई यो अवस्थामा पुऱ्याउने मुख्य दोषी को हो?' जेन–जी आन्दोलन भ्रष्टाचार, बेथिति, कुशासन, आलोपालो सत्तामा बस्नेहरूको विरुद्धमा भएको बताउँदै उनले आफूहरूको सरकार निलो क्रान्तिको पक्षमा मात्र रहेको भन्दै पार्टीगत कार्यक्रममा जसरी बोलेपछि अन्य दलका प्रतिनिधिहरूले आपत्ति जनाएको बताए।

**प्रहरी निरीक्षकको नाम नै लिएर दोषी करार**

गोलबजार घटनापछि संघीय सरकारको गृह मन्त्रालय, प्रदेश प्रहरी कार्यालयले छानबिन समिति गठन गरेर छानबिन गरिरहेका वेला उनले प्रहरी निरीक्षकको नाम नै लिएर गोली चलाएको दाबीसहित

**–बाँकी तीन पेजमा**

## सिरहामा कटुवा पेस्तोल बरामद, काठमाडौंमा एक जना पक्राउ



**मणिलाल विश्वकर्मा**

सिरहा, २१ साउन। प्रहरीले सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका– ५, महेशवारी टोलबाट कटुवा पेस्तोल बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार राति करिब सवा ९ बजेतिर १८ वर्षका मोहम्मद अफरोज राइनले घरमा कटुवा पेस्तोल लुकाएर राखेको भन्ने विशेष सूचनाको आधारमा खानतलासी गर्दा कटुवा पेस्तोल बरामद भएको हो।

इलाका प्रहरी कार्यालय लहानबाट प्रहरी निरीक्षकको कमान्डमा खटिएको टोलीले घर खानतलासी गर्दा कटुवा पेस्तोल बरामद भएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार पेस्तोल इलाका प्रहरी कार्यालय लहानमा ल्याई थप अनुसन्धान भइरहेको छ।

राइन काठमाडौं महानगरपालिका –३२, तीनकुनेस्थित २०२० ब्वाइज होस्टलमा बसिरहेको भन्ने जानकारीको आधारमा काठमाडौं प्रहरी वृत्त बानेश्वरसँग समन्वय गरी उनलाई नियन्त्रणमा लिई थप

**–बाँकी तीन पेजमा**

## अनुदानको मलमा कालोबजारी, तीन जना पक्राउ

**जनार्जन खत्री**

सर्लाही, २१ साउन। सर्लाही सदरमुकाम मलंगवामा अनुदानको मलमा कालोबजारी गरी बिक्री गर्ने तीन जना पक्राउ परेका छन्। मलंगवा नगरपालिका–१०, मा रहेको कृष्ण जेनरल स्टोर किराना पसलबाट अनाधिकृत रुपमा कालोबजारीमा मलखाद बिक्री गरेको आरोपमा मलङ्गवा–७, बस्ने २३ वर्षीय अभिनय राय र २० वर्षीय अभिनन्दन रायलाई पक्राउ गरिएको हो। उहाँहरुलाई सोधपुछ गर्दा अनुमति बिना डिएपी मल तीन हजार पाँच सय रुपियाँसम्ममा बिक्री गरिरहेको स्वीकार गर्नुभएको छ।

प्रहरीले उहाँहरुको पसल खानतलासी लिँदा चार बोरा डिएपी र एक थान युरिया मलसमेत बरामद गरेको छ। उक्त मलखाद मलङ्ग्वा नगरपालिका–४, शिवसागर चोकका २८ वर्षीय राहुल गुप्ताले सञ्चालन गरेको पसलबाट तीन हजार दुई सय रुपियाँमा खरिद गरेर ल्याइ आफूहरुले तीन हजार पाँच सय रुपियाँमा बिक्री गर्ने गरेको बयान दिनुभएको छ।

अभिनय र अभिनन्दनको बयानका आधारमा प्रहरीले राहुललाई पनि नियन्त्रणमा लिएको छ। राहुलको पसलबाट समेत सात बोरा युरिया मल बरामद गरिएको प्रहरीले जनाएको छ। तीनै जनाविरुद्ध कालोबजारी सम्बन्धी कसूरमा जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट सात दिन म्याद थप गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमले जानकारी दिनुभयो।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## न्याय र भरोसाको खोजी

सिरहाको गोलबजारमा भएको हिंसापछि भौतिक क्षति बेहोरेका व्यवसायीहरूले क्षतिपूर्ति र सुरक्षाको सुनिश्चितता नभएसम्म पसल नखोल्ने निर्णय गरेका छन्। यो केवल व्यापार बन्द गर्ने घोषणा होइन, राज्यप्रतिको गहिरो अविश्वासको अभिव्यक्ति पनि हो। जब नागरिकले आफ्नो पसलको सटरभन्दा पहिले आफ्नै सुरक्षाबारे सोच्न बाध्य हुन्छन्, त्यहाँ केवल आर्थिक संकट होइन, राज्यको दायित्वमाथि गम्भीर प्रश्न खडा भएको हुन्छ।

हिंसाले कुनै समुदाय, धर्म वा व्यवसायीलाई मात्र क्षति पुऱ्याएको छैन। यसले सामाजिक सद्भाव, आर्थिक गतिविधि र नागरिकबीचको आपसी विश्वासलाई पनि कमजोर बनाएको छ। पसलहरू जलाइए, घरहरू तोडफोड गरिए, धार्मिकस्थलसमेत असुरक्षित भए भन्ने गुनासो आइरहेका छन्। यस्ता आरोपहरूको सत्यतथ्य निष्पक्ष अनुसन्धानबाट स्थापित हुनुपर्छ। तर एउटा कुरा स्पष्ट छ—क्षति बेहोरेका नागरिकले आफूलाई राज्यबाट एक्लिएको महसुस गरेका छन्।

सबैभन्दा चिन्ताजनक पक्ष भनेको घटनापछि पीडितहरूलाई राज्यको उपस्थितिको अनुभूति हुन नसक्नु हो। पीडितहरूको भनाइअनुसार एक साता बितिसक्दा पनि उनीहरूको अवस्था बुझ्न, क्षतिको विवरण संकलन गर्न वा पुनःस्थापनाको स्पष्ट योजना सार्वजनिक गर्न सम्बन्धित निकाय पर्याप्त रूपमा सक्रिय देखिएका छैनन्। लोकतान्त्रिक शासनमा पीडितलाई पहिलो सान्त्वना राज्यबाट मिल्नुपर्छ। यदि त्यो नै अनुपस्थित भयो भने असन्तोष, भय र अविश्वास स्वाभाविक रूपमा बढ्छ।

व्यवसायीहरू आज क्षतिपूर्ति मात्र मागिरहेका छैनन्। उनीहरू भोलि फेरि यस्तै घटना दोहोरिँदैन भन्ने विश्वास खोजिरहेका छन्। पसल पुनः खोल्नु भनेको केवल व्यापार सुरु गर्नु होइन त्यो आफ्नो भविष्य सुरक्षित छ भन्ने भरोसासहित जीवनलाई पुनः सामान्य बनाउने प्रयास हो। यदि सुरक्षाको ग्यारेन्टी नै छैन भने उनीहरू किन जोखिम उठाऊन् भन्ने प्रश्नलाई हल्का रूपमा लिन सकिँदैन।

गोलबजारको अर्थतन्त्रमा मुस्लिम समुदायका व्यवसायीहरूको उल्लेखनीय योगदान रहेको तथ्य स्थानीय स्तरमै स्वीकार गरिएको छ। वर्षौंदेखि व्यापारमार्फत स्थानीय अर्थतन्त्रलाई चलायमान बनाएका नागरिकहरू आज विस्थापनको सोचमा पुग्नु अत्यन्त दुःखद अवस्था हो। कुनै पनि समाजका मेहनती व्यवसायी आफ्नो जन्मथलो वा कर्मथलो छोड्ने निर्णयमा पुग्नु विकासको होइन, राज्य संयन्त्रको असफलताको संकेत हो।

यस घटनालाई कुनै एक समुदायको पीडामा सीमित गरेर हेर्नु गलत हुनेछ। आज एउटा समुदाय असुरक्षित महसुस गरिरहेको छ भने भोलि अर्को समुदाय पनि त्यही परिस्थितिमा पर्न सक्छ। त्यसैले समाधान पनि सबै नागरिकका लागि समान सुरक्षा, समान न्याय र समान अवसर सुनिश्चित गर्ने दिशामा केन्द्रित हुनुपर्छ। कानूनको शासन भनेको पीडितको पहिचान हेरेर होइन, पीडाको गम्भीरता हेरेर न्याय दिने व्यवस्था हो।

सरकारले अब ढिलाइ गर्ने ठाउँ छैन। पहिलो, घटनाको निष्पक्ष र विश्वसयोग्य अनुसन्धान गरी दोषी जोसुकै भए पनि कानूनी कारबाही गरिनुपर्छ। दोस्रो, वास्तविक क्षतिको पारदर्शी मूल्यांकन गरी पीडित व्यवसायीलाई यथाशीघ्र क्षतिपूर्ति उपलब्ध गराइनुपर्छ। तेस्रो, स्थानीय प्रशासनले व्यवसायीहरूलाई सुरक्षित वातावरणमा व्यापार सञ्चालन गर्न सक्ने स्पष्ट सुरक्षा योजना सार्वजनिक गर्नुपर्छ। यी कदमहरू दया होइनन्, संविधानले प्रत्याभूत गरेका नागरिक अधिकारको कार्यान्वयन हुन्।

गोलबजारको पुनर्निर्माण केवल भौतिक संरचना पुनः खडा गरेर सम्भव हुँदैन। त्यसका लागि समुदायबीच विश्वास पुनर्स्थापित गर्नुपर्नेछ। राजनीतिक दल, स्थानीय सरकार, नागरिक समाज, उद्योग–व्यापार संगठन र धार्मिक अगुवाहरूले संवादको वातावरण सिर्जना गर्नुपर्छ। घाउमा मल्हम लगाउने बेला आएको छ, घाउलाई राजनीतिक स्वार्थको विषय बनाउने होइन।

अन्ततः, एउटा सभ्य राष्ट्रको पहिचान संकट आउँदा राज्यले आफ्ना नागरिकसँग कस्तो व्यवहार गर्छ भन्ने कुराले निर्धारण गर्छ। यदि पीडितहरू न्यायको प्रतीक्षामा, व्यवसायीहरू असुरक्षाको त्रासमा र नागरिकहरू विस्थापनको सोचमा बाँच्न बाध्य हुन्छन् भने त्यो केवल गोलबजारको समस्या रहँदैन त्यो समग्र शासन प्रणालीमाथिको प्रश्न बन्छ। त्यसैले सरकारको पहिलो दायित्व पीडितलाई क्षतिपूर्ति दिनु मात्र होइन, उनीहरूको मनमा हराएको भरोसा पनि फर्काउनु हो। न्याय र सुरक्षा सुनिश्चित भए मात्र गोलबजारका बन्द सटरहरू खुल्नेछन्, र त्यससँगै सामाजिक सद्भाव तथा आर्थिक जीवन पनि पुनः चलायमान हुनेछ।

# मैथिली भाषाको श्रीवृद्धि कसरी गर्न सकिन्छ?



अजयकुमार झा

मैथिली भाषा साहित्यको इतिहास अत्यन्तै पुरानो र गौरवशाली छ, तर यसको समयानुकूल र समुचित विकास भने हुन सकेको छैन। वर्तमान समयसम्म आइपुग्दा मैथिली भाषाको संस्थागत एवं संरचनात्मक विकासका लागि संवैधानिक तथा कानुनी व्यवस्था तर्जुमा गरिसकिएको अवस्था छ। यो एउटा महत्त्वपूर्ण उपलब्धि भए पनि ती कानुनको कार्यान्वयनका लागि निर्दिष्ट कामहरू भने हुन सकेका छैनन्। सरकारी तहबाट निर्माण भएका कानुनी व्यवस्था तथा सिफारिस गरिएका प्रतिवेदनहरूको कार्यान्वयन प्रक्रियाले पूर्णता पाउन सकेको छैन। यसका लागि राज्य प्रणालीका तीनवटै तहका सरकारहरू तथा मैथिली अभियन्ताहरूको थप सक्रियता आवश्यक देखिन्छ।

नेपालमा मैथिली भाषा नेपाली भाषापछिको दोस्रो ठूलो मातृभाषा हो। तर, मैथिली भाषाले नेपाली भाषाको तुलनामा राज्यबाट अत्यन्तै न्यून महत्व पाएको छ। यति मात्र होइन, मैथिल समाजले आधारभूत भाषिक हकको परिपूर्तिका लागि बलिदानपूर्ण संघर्ष गर्नुपरेको इतिहास पनि छ। २०६९ वैशाख १८ गते जनकपुरमा भएको बम विस्फोटमा परी चर्चित रङ्गकर्मी रज्जु झासहित पाँच जनाको मृत्यु भयो। संविधानसभामा संविधान निर्माणको विषयमा छलफल चलिरहँदा उनीहरू मिथिला राज्यको माग गर्दै धर्नामा बसेका थिए। अनशन स्थललाई लक्षित गरी गराइएको विस्फोटमा रज्जु झासँगै विमल शरण, झगरु मण्डल, दीपेन्द्र दास र सुरेश उपाध्यायले बलिदान दिनुपऱ्यो। सहादत प्राप्त गर्नेहरूलाई नेपाल सरकारले सहिद घोषणा गऱ्यो।

मैथिली भाषाभाषीको संख्या नेपालमा ३२ लाखको हाराहारीमा भए पनि भाषिक प्रतिनिधि, साहित्य स्रष्टा तथा लगानीकर्ताले मैथिल पाठक, श्रोता र दर्शकहरूलाई आकर्षित गर्न नसक्नु मैथिली भाषा विकासको आन्तरिक कमजोरी हो। यसबाट मैथिली भाषाका स्रष्टाहरू साहित्य बजारको निर्माण गर्नुभन्दा एक–दुईवटा सिर्जना सार्वजनिक गरेरै जीवन व्यतीत गर्न चाहेको प्रतीत हुन्छ। यद्यपि, तीमध्येकै कतिपय मैथिलीभाषीले अन्य भाषाको साहित्य सिर्जनामा लागेर राम्रो नाम र दाम कमाएका छन्।

मैथिली भाषा मुख्यतया भारतको बिहार, झारखण्ड र नेपालको तराई क्षेत्रमा बोलिने सुमधुर र समृद्ध भाषा हो। यसलाई विश्वकै सबैभन्दा मीठो भाषामध्ये एक मानिन्छ। यो भारतको संविधानको आठौं अनुसूचीमा समावेश छ र नेपालमा प्रमुख राष्ट्रिय भाषाको रूपमा मान्यता प्राप्त छ। मैथिली भाषा मिथिला क्षेत्रको मातृभाषा हो। यो इन्डो–आर्यन भाषा परिवारको हिस्सा हो र यसको बंगाली, आसामी, नेपाली, हिन्दी, मगही र बज्जिका भाषासँग नजिकको सम्बन्ध छ।

भारतमा मैथिली भाषा बिहारका दरभंगा, मधुबनी, सहरसा, पूर्णिया, सीतामढी जस्ता उत्तरी/पूर्वी जिल्लाहरू र झारखण्डका साहिबगञ्ज, गोड्डा, देवघर, दुमका (संथाल परगना प्रभाग), बोकारो, धनबाद र जमशेदपुर (पूर्वी सिंहभूम) जिल्लाहरूमा बोलिन्छ। नेपालमा यो तराई क्षेत्रको मुख्य मातृभाषा हो। मैथिली भाषाको आफ्नै तिरहुता (मिथिलाक्षर) लिपि छ। मैथिली साहित्यको इतिहास अत्यन्तै प्राचीन, समृद्ध र सांस्कृतिक रूपमा गौरवशाली छ। यस भाषाको उत्कर्ष पौराणिक मिथिला राज्यमै पनि हेर्न सकिन्छ। मैथिली साहित्यमा गीत, कविता, नाटक र आधुनिक गद्यको अद्वितीय विकास भयो, तर त्यो सिर्जनात्मक प्रतिभा समय कालक्रम अनुसार निरन्तर विकसित भने हुन सकेन।

पाल शासनकालको मैथिली साहित्यलाई यसको प्रारम्भिक स्वरूप मान्न सकिन्छ। यिनै पाल राजाहरू बौद्ध भिक्षुहरूको संरक्षक पनि थिए। विक्रमशिला ( विश्वविद्यालय) मा ८४ जना भिक्षु बस्थे। सरहपा, भुसुकपा आदिका रचनामा प्राचीन मैथिली शब्दहरू पाइन्छ। मैथिली साहित्यको विकासको कालक्रमलाई प्रारम्भिक काल, मध्ययुगीन काल र आधुनिक काल गरी तीन कालखण्डमा विभाजित गरेर हेर्ने गरिएको छ। प्रारम्भिक कालखण्डका ज्योतिरीश्वर ठाकुरद्वारा रचित 'वर्णरत्नाकर' लाई मैथिली साहित्यको पहिलो र सबैभन्दा पुरानो गद्य ग्रन्थ मानिन्छ। कर्णाटवंशी शासक हरिसिंह देवका राजकवि ज्योतिरीश्वर ठाकुरले लेखेको 'वर्णरत्नाकर' (प्रथम लिखित ग्रन्थ) र 'धूर्तसमागम' (मैथिलीको पहिलो नाटक) ले मैथिली साहित्यको आधारशिला खडा गरे।

'कवि कोकिल' भनेर चिनिने महाकवि विद्यापति त्यसपछिका मैथिल तारा हुन्, जसले राधा–कृष्णको प्रेम, शिव (नचारी) भक्ति र सांस्कृतिक जीवनका हजारौं मधुर गीतहरू रचना गरे। उत्तर भारत र बंगालको साहित्यमा उनको विशेष प्रभाव रहेको पाइन्छ। महाकवि विद्यापतिको आगमनले यस भाषामा अमर योगदान पुग्यो। मध्ययुगीन कालमा नाटक र रंगमञ्चको उल्लेखनीय विकास भयो। जब मिथिला राजनीतिक उथलपुथलबाट गुज्रिरहेको थियो, तब नेपाल उपत्यका (काठमाडौं, भक्तपुर र ललितपुर) का मल्ल राजाहरूले मैथिली साहित्य र नाटकलाई राज्य संरक्षण दिएका थिए। यस कालमा, मैथिलीमा गीत, संगीत, नृत्य र नाटकको अद्भुत परम्पराको विकास भयो। मल्लवंशका राजाहरू गीत, संगीत र नाटकका प्रेमी थिए।

उनीहरू डबलीमा नियमित गीत, नृत्य र नाटकको रसास्वादन गर्दथे र विद्वानहरूलाई सिर्जना गर्न लगाउँथे। मल्ल राजाहरूले मैथिलीलाई राजभाषाको मान्यता दिएर यसमा नाटक, काव्य र गीतहरूको रचना गराएका थिए। गोविन्द दास यस कालखण्डका प्रभावशाली र लोकप्रिय वैष्णव कवि भए। आधुनिक कालखण्डमा गद्य, उपन्यास, कथा, व्यंग्य जस्ता विधाहरूको बहुआयामिक विस्तार भयो। चन्दा झाले गरेको रामायणको मैथिली अनुवादले आधुनिक युगको आरम्भ गऱ्यो। आधुनिक युगमा हरिमोहन झाका 'कन्यादान' र 'द्विरागमन' जस्ता व्यंग्यात्मक उपन्यास र 'खट्टर ककाक तरंग' जस्तो सामाजिक–चारित्रिक निबन्ध निकै लोकप्रिय भयो। स्रष्टाहरूले मैथिली कविता र उपन्यासहरूलाई नयाँ दिशा दिए।

नेपाल एकीकरणको समयमा मौलिक मैथिली साहित्यको रचना भएको पाइँदैन। यसबीचमा 'एकरारनामा', बहिखाता, दानपत्र, अभिलेख, चिठी आदि राजकीय कार्यमा मैथिली भाषाको प्रयोग देखिए पनि मौलिक साहित्यिक रचना भने भेटिँदैन। यद्यपि, राणा शासनमा अन्य भाषामा भने साहित्यिक रचनाहरू सिर्जना भएको पाइन्छ। २००७ सालमा राणा शासन समाप्त भएपछि साहित्य लेखनतिर स्रष्टाहरू अगाडि आउन थाले। सन् १९५० मा संस्कृत शिक्षकका रूपमा भारतबाट जनकपुर आएका पण्डित जीवनाथ झाले मैथिली लेखनलाई प्रोत्साहन गरे। २०१७ सालपछि मैथिली लेखनले थप गति लिन थाल्यो। यसको श्रेय भारतबाटै मैथिली–हिन्दी शिक्षणका लागि जनकपुर आएका डा. धीरेश्वर झा 'धीरेन्द्र' लाई जान्छ। उनले लेखनसँगै नयाँ पुस्तालाई मैथिली साहित्यतर्फ प्रेरित गरे।

तर, त्यसयता राज्यको संरक्षण पाउन नसक्दा मैथिलीको स्वाभाविक विकासमा बाधा उत्पन्न भयो। यो भाषा केही समय दरबार र औपचारिक क्षेत्रबाट ओझेलमा परे पनि आम जनस्तरमा भने जीवितै रहयो। राजविराज नगरपालिका र तत्कालीन धनुषा जिल्ला विकास समितिले मैथिली भाषालाई तथा काठमाडौं महानगरपालिकाले नेवारी (नेपालभाषा) लाई स्थानीय कामकाजी भाषा बनाउन गरेका निर्णयलाई सर्वोच्च अदालतले बदर गरिदिएकाले ती कार्यान्वयन हुन सकेनन्।

विश्लेषकहरूका अनुसार उक्त निर्णय खारेज हुनु पञ्चायतकालीन 'एक भाषा नीति' र परवर्ती बहुदलीय व्यवस्थामा पनि पर्वते नेपाली भाषाको एकल अधिकार कायम रहनुको निरन्तरता थियो। भाषाले राजनीति तथा राजनीतिले भाषालाई प्रभाव पारिरहेको हुन्छ। नेपालमा पनि पञ्चायतकालभरि एक भाषा नीति रहयो। पञ्चायतपछि बहुदलीय व्यवस्थामा पनि पर्वते नेपाली भाषाको एकाधिकार कायमै रहयो। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि भाषा पहिचान आन्दोलनको महत्त्वपूर्ण आयाम बनेर आयो। केन्द्र, प्रदेश र स्थानीय तहका राजनीतिक निर्णयहरूमा साझा पहिचान र बहुपहिचानका नाममा परम्परागत एकात्मक अभ्यासकै निरन्तरता देखिए पनि साझा पहिचानको आकांक्षा भने मुखरित हुँदै आएको छ।

नेपालको संविधान, २०७२ ले भाषिक अधिकार र पहिचानलाई समुचित महत्त्व दिएको छ। संविधानको धारा ३१ ले प्रत्येक व्यक्ति वा समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक सुनिश्चित गरेको छ। साथै, धारा ३२ ले प्रत्येक नागरिकलाई आफ्नो भाषा, लिपि, संस्कृति र सभ्यताको संरक्षण र प्रवर्द्धन गर्ने हक दिएको छ। देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हो भने नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भनेर संविधानले नेपाललाई बहुभाषिक देशको रूपमा मान्यता दिएको छ।

धारा ७ अनुसार, कुनै पनि प्रदेशले आफ्नो प्रदेशमा बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी मातृभाषालाई प्रदेश कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने व्यवस्था छ। यो व्यवस्थाले प्रादेशिक र स्थानीय स्तरमा मातृभाषाको सरकारी प्रयोगको बाटो खोलेको छ। संविधानले मातृभाषामा शिक्षा पाउने हक दिए पनि यसको कार्यान्वयनका लागि आवश्यक स्रोत र साधनको व्यवस्था राज्यले गर्नुपर्ने हुन्छ। तर, कुनै मातृभाषामा पढाउन आवश्यक पूर्वाधार वा जनशक्ति छैन भने, त्यस्तो अवस्थामा नेपाली वा अंग्रेजीमा शिक्षा प्रदान गर्न सकिने व्यावहारिक पक्षलाई पनि बुझ्नुपर्छ। संविधानले मातृभाषामा शिक्षा पाउने हक सुनिश्चित गरे तापनि यसको कार्यान्वयनमा गम्भीर चुनौतीहरू देखा परेका छन्।

मैथिली भाषामा शिक्षा कार्यान्वयनको सबैभन्दा ठूलो बाधक शिक्षक, पाठ्यपुस्तक र शिक्षण सामग्रीको अभाव हो। मैथिली भाषामा पाठ्यक्रम र पुस्तकहरू पर्याप्त मात्रामा तयार पारिएका छैनन्। तालिमप्राप्त शिक्षकहरूको कमी छ। शिक्षकहरू मातृभाषामा पढाउन चाहन्छन् तर आवश्यक पद्धति र स्रोतसाधनको अभावले गर्दा पढाउन सक्दैनन्। एउटै कक्षा कोठामा फरक–फरक मातृभाषा बोल्ने विद्यार्थीहरू हुने भएकाले बहुभाषिक कक्षा व्यवस्थापन गर्न गाह्रो हुन्छ। एउटा भाषामा मात्र पढाउँदा अर्को भाषा बोल्ने विद्यार्थीहरू पछि पर्ने भएकाले, शिक्षकहरू बाध्य भएर साझा सम्पर्क भाषा (नेपाली) मा

–बाँकी तीन पेजमा

### मैथिली भाषाको ...

नै पढाउन सहज ठान्छन्। यसले मातृभाषाको प्रयोगलाई सीमित बनाएको छ।

स्थानीय तहले मातृभाषामा शिक्षा सञ्चालन गर्न खोज्दा शिक्षकको तलब र सामग्री विकासको पूरै भार स्वयं वहन गर्नुपर्ने बाध्यता छ। केन्द्र र प्रदेश सरकारबाट पर्याप्त बजेट र प्राविधिक सहयोग नपुग्दा स्थानीय निकायहरू यो अभियान चलाउन असमर्थ भएका छन्। साथै, मातृभाषाबाट सुरु गरेको शिक्षालाई माथिल्लो कक्षामा कसरी निरन्तरता दिने भन्ने दीर्घकालीन रणनीतिको पनि अभाव छ। मैथिली साहित्य सिर्जना र प्रकाशनमा पनि चुनौतीहरू छन्। सहरीकरण र विश्वव्यापीकरणका कारण मैथिलीभाषी नयाँ पुस्तामा नेपाली र अंग्रेजी भाषाप्रतिको मोह बढ्दो छ, जसले गर्दा मातृभाषामा विकर्षण र भाषा स्थानान्तरण भइरहेको छ। घर–परिवारमा मातृभाषा बोल्ने चलन घट्दै जाँदा नयाँ पुस्तामा मैथिलीमा मौलिक सिर्जना गर्ने क्षमता र रुचिमा ह्रास आउँदो छ।

मैथिलीका धेरै सक्षम र स्थापित लेखकहरू बढी पाठक, राम्रो पारिश्रमिक र व्यापक पहिचानको खोजीमा नेपाली भाषातर्फ आकर्षित भइरहेका छन्। यसले गर्दा मैथिली साहित्यले आफ्ना उत्कृष्ट बौद्धिक जनशक्ति गुमाउनु परिरहेको छ। मैथिली साहित्य अझै पनि धेरै हदसम्म कविता, गीत र परम्परागत विधामा बढी केन्द्रित छ। नेपाल सरकारले २०६८ सालमा मैथिली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकासका लागि 'नेपाल विद्यापति पुरस्कार कोष' को स्थापना गर्‍यो। यो एक अत्यन्त महत्वपूर्ण र आधिकारिक संस्था हो। महाकवि विद्यापतिको सम्मानमा स्थापित यस कोषले वार्षिक रूपमा विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याउने सर्जकहरूलाई पुरस्कारले सम्मान गर्छ।

मैथिली भाषा, कला, संस्कृति, पाण्डुलिपि संरक्षण, अनुवाद र अनुसन्धानको क्षेत्रमा काम गर्ने सर्जक तथा लेखकहरूलाई प्रोत्साहन र राज्य सम्मान प्रदान गर्नु यसको मुख्य उद्देश्य हो। मैथिली साहित्यले हाल डिजिटल मिडिया, पत्रिकाहरू र ब्लगहरूमार्फत विश्वव्यापी रूपमा स्थान बनाउनुपर्ने चुनौती छ। पुरस्कार कोषको पुँजी यस क्षेत्रमा लगानी गर्नुपर्ने देखिन्छ। प्रदेश सरकारको प्रादेशिक प्रतिष्ठानमार्फत मैथिली साहित्यको बजार प्रवर्द्धन गरिनुपर्छ पुराना र नयाँ मैथिली साहित्यहरूको अनलाइन संग्रह वर्तमानको प्रमुख आवश्यकता हो। *(लेखक भा इतिहास, संस्कृति र समसामयिक विषयमा रुचि राख्छन्।)* रातोपाटीबाट

### गोलबजारमा रास्वपा ...

दोषी करार गर्दै प्रमुख जिल्ला अधिकारी, प्रहरीका जिल्ला प्रमुखलाई पनि अनुसन्धानको दायरामा ल्याइसकेको जिकिर गरे। 'दोषी जोसुकै भए पनि उम्किन पाउने छैनन्,' उनले भने।

मृतकप्रति श्रद्धाञ्जली, मृतकका परिवारलाई राहत क्षतिपूर्ति, रोजगारी, घाइतेको उपचारलगायतका विषयमा सरकारी पक्षबाट भइरहेको कामलगायतका बारेमा केन्द्रित नरही स्थानीय राजनीतिक दल, जनप्रतिनिधिहरूविरुद्ध खनिएपछि अन्य दलका स्थानीय अगुवाहरूले प्रतिवाद गरेका थिए। सत्तारूढ दलका सांसदको अभिव्यक्तिका कारणले दिउँसो करिब १ बजेतिर हो–हल्ला भएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी पुगेर मत्थर पार्ने प्रयास गर्दै उनलाई सुरक्षित बाहिर निकाले।

श्रद्धाञ्जली कार्यक्रममा रास्वपाकी समानुपातिक सांसद समिमा मियाँले हिन्दु– मुस्लिम लडिरहेको नभई लडाइएको बताइन्। 'सदियौँदेखि हिन्दु–मुस्लिम मिलेर बसिरहेको समाजलाई भड्काउन खोज्नेहरूलाई चिन्न जरुरी छ,' उनले भनिन्, 'यो दुःखद घडीमा राज्य, सरकार पीडितहरूको घाउमा मलमपट्टि गर्न तयार छ।'

**खुल्दै छन् स्थानीय बजार**

कार्यक्रममा सहभागी अन्य वक्ताले सुनसरी र गोलबजारमा राज्य संयन्त्रको कमजोरीको कारणले दुःखद घटना भएको बताए। उनीहरूले शान्तिपूर्ण प्रदर्शनको नाममा भएको धार्मिक विखण्डन, साम्प्रदायिक सद्भाव बिथोल्नेहरूविरुद्ध प्रभावकारी सुरक्षा व्यवस्था, समन्वय र संवेदनशीलता नअपनाइँदा जनधनको क्षति हुन पुगेको औँल्याए।

कार्यक्रममा सहभागी स्थानीय मुस्लिम अगुवा तथा व्यापारीहरूले सामाजिक सद्भाव भड्काउन खोज्ने, हिन्दु–मुस्लिमलाई फुटाउन खोज्नेहरूविरुद्ध सजग रहनुपर्नेमा जोड दिँदै भाइचारा, सहिष्णुता पूर्ववत् अवस्थामै फर्काउन सबैले आ–आफ्नो ठाउँबाट सकारात्मक भूमिका खेल्नुपर्नेमा जोड दिए।

उद्योग व्यापार संघ गोलबजारका अध्यक्ष विजय साहले गोलबजारमा प्रदर्शनको नाममा निजी घर, पसल र व्यवसायलाई लक्षित गरी भएको तोडफोड, आगजनीमा परेकाहरूलाई उचित क्षतिपूर्ति राहतका लागि पहल गर्ने प्रतिबद्धतासहित बन्द रहेका बजार पसल खोल्ने सहमति भएको बताए। १४ साउनको हिंसात्मक घटनापछि बन्द रहेको गोलबजार क्षेत्र सामान्य हुँदै गएको छ भने स्थानीय बजार पसलहरू खुल्न थालेका छन्।

गोलबजारमा सात दिनअघि १४ साउनको दिउँसो सिरहाको औरही गाउँपालिका २ तुलसीपुरका करिब १५ वर्षीय किशोर गणेश यादवको प्रहरीको गोली लागेर दुःखद् निधन भएपछि भड्किएको प्रदर्शनको क्रममा करिब एक दर्जन घर पसलमा तोडफोड आगजनी भएसँगै स्थानीय प्रशासनले लगाएको कर्फ्यु तीन दिनपछि१७ साउनमा हटाएको थियो।

### सिरहामा कटुवा ...

अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय लहान ल्याउने कार्य भइरहेको प्रहरीले जनाएको छ।

# नयाँ सवारी लाइसेन्स वितरण र नवीकरणको काम रोकियो, सेवाग्राही मर्कामा



जनकपुरधाम, २१ साउन। मधेस प्रदेश मातहतको यातायात व्यवस्था कार्यालय जनकपुर, धनुषाले नयाँ सवारी चालक अनुमति पत्र वितरण र नवीकरणको काम ३ साता यता रोकेको छ। कार्यालयका अनुसार यातायात व्यवस्था विभागबाट सञ्चालित सर्भरमा समस्या भएकाले काम प्रभावित भएको हो। सर्भरको समस्या केन्द्रबाटै समाधान नहुँदा असार २९ गते देखि नयाँ लाइसेन्स वितरणको प्रक्रिया रोकिएको कार्यालयले जनाएको छ।

नयाँ लाइसेन्स वितरण गर्न नसक्दा कार्यालयले अहिले सवारी करमात्र लिने काम गर्दै आएको छ। कार्यालयका अनुसार यो प्रक्रिया अवरुद्ध नभएको भए अहिले सम्म ४/५ लट लाइसेन्स वितरण भइसक्थ्यो। यातायात व्यवस्था कार्यालय जनकपुरका प्रमुख वासुदेव मल्लले विभागमा रहेको सर्भरबाट प्रदेश अन्तर्गतका डाटा सार्ने र नयाँ सर्भर राख्ने काम भइरहेकाले अहिले नयाँ सवारी अनुमति पत्र वितरण गर्न नसकेको बताए। उनले भने, 'साउन १ गतेदेखि प्रदेशको श्रम तथा यातायात मन्त्रालयले केन्द्रको समन्वयमा नयाँ सफ्टवेयर बनाउन सुरु गरेको छ र विभागको सर्भर पनि मर्मतसम्भारमा रहेकाले अहिले नयाँ सवारी अनुमति पत्र दिन सकेका छैनौँ।'

आफूले यो समस्या समाधानका लागि धेरै पहल गरे पनि प्राविधिकबाट हुने भएकाले केही समय लागेको हुन सक्ने मल्लको भनाइ छ। कार्यालयले नयाँ सवारी अनुमतिपत्रका लागि लिखित परीक्षा र ट्रायल उत्तीर्ण भएकाहरूलाई सवारी अनुमति पत्र प्रदान गर्दै आएको छ। कार्यालय स्रोतका अनुसार यातायात व्यवस्था विभागमा प्रदेशको यातायात कार्यालयको समस्या समाधान गर्न समन्वयकर्ताको अभावले गर्दा पनि समय लाग्ने गरेको छ।

'नयाँ लाइसेन्सको प्रक्रिया, सवारी नवीकरण, सवारी अनुमतिपत्र नवीकरण लगायतका अधिकांश काम अहिले डिजिटली नै गर्नुपर्ने हुन्छ,' कार्यालय प्रमुख मल्लले रातोपाटीसँग भने, 'बारम्बार यसमै समस्या उत्पन्न हुँदा सेवाग्राहीको हप्कीदप्की सुन्न बाध्य हुनुपर्छ। अझ त्यसमा पनि यो सरकार आएपछि सर्वसाधारणको मानसिकता कति फेरिएको छ भने प्रक्रिया पनि बुझ्न मान्दैनन्, गालीगलौज गर्दै तुरुन्तका तुरुन्त काम गर्न भन्छन्।'

कार्यालयका कर्मचारीहरूले विगतमा कोशी प्रदेशको यातायात र लाइसेन्सको डाटा यहाँ देखाउने र यहाँको डाटा कर्णालीमा देखाउने समस्या उत्पन्न हुने गरेको सुनाए। विभागले प्रदेशगत संरचना मिलाउन नसक्दा कैयौँ दिन कार्यालयको काम प्रभावित भएको उनीहरूको भोगाइ छ। १८/२० दिनदेखि नयाँ लाइसेन्स वितरणसँगै नवीकरणको प्रक्रिया रोकिएपछि सेवाग्राही झनै मारमा परेका छन्। नयाँ लाइसेन्स कहिलेबाट खुल्छ भन्दै सयौँको सङ्ख्यामा युवाहरू कार्यालय आउने गरेको कर्मचारीले बताए।

'नयाँ सवारी चालक अनुमतिपत्र लिनुपर्ने छ। काम गर्ने स्थलमा लाइसेन्स मागेको छ,' धनुषा विदेह नगरपालिकाको दुहबीबाट लाइसेन्स लिन कार्यालयमा भेटिएका रामसोगारथ महतोले भने, 'हाकिमसाबलाई सोध्दा अहिले हुँदैन, नयाँ लाइसेन्स वितरण भएको छैन, अनलाइन हेर्दै गर्नुस् भन्नुभयो।' तीन सातादेखि लाइसेन्स वितरणको काम रोकिएको गुनासो गर्दै उनले अझ कति दिन लाग्छ भन्ने पनि थाहा हुन नसकेको बताए। 'नयाँ सरकार आएको छ, सरकारी काम झन छिटो हुन्छ होला भनेको त उही पुरानै पारा छ,' उनले भने।

जनकपुर–१५ बस्ने रिना यादवले स्कुटीको लाइसेन्स लिनुपर्ने छ। लिखित र ट्रायल पास गरिसकेकी उनले लाइसेन्सका लागि दुई पटक कार्यालय धाइसकेकी छन्। 'कार्यालयमा आउँदा लाइसेन्स वितरण भएको छैन भन्दै फर्काउने काम भइरहेको छ,' उनले भनिन्, 'एउटा सानो काम रोकिँदा मान्छेको क्यारियर बर्बाद हुनसक्छ। नयाँ सरकार आयो, सुशासनको कुरा गर्छ, तर जनतालाई सेवा सुविधा दिन सक्दैन।' मधेस प्रदेशका श्रम तथा यातायात मन्त्रालयका निमित्त सचिव रंजित कुमार यादवले पहिलाको सिस्टम हटाएर नयाँ सिस्टम निर्माणको क्रममा रहेकाले प्रक्रिया अवरुद्ध हुन पुगेको बताए। रातोपाटीसँग उनले भने, 'पहिलाको भन्दा धेरै राम्रो सिस्टम सेटअप हुँदैछ। त्यो सेटअप भयो भने विगतमा जस्तो नयाँ लाइसेन्स लिन ४/५ पटक कार्यालय धाउनुपर्दैन। नवीकरण त आफैँले अनलाइनबाट गर्न मिल्छ।'

अहिले केही समस्या देखिए पनि सेटअप भइसकेपछि सधैँका लागि राम्रो हुने उनले बताए। साउन महिनाभित्रै यो समस्या हल हुने उनको दाबी छ। लाइसेन्स नवीकरणमा पनि समस्या उत्पन्न भएपछि लाइसेन्सको म्याद सकिन २/४ दिन बाँकी रहेकाहरू झनै पीडित बन्न पुगेका छन्। 'लाइसेन्सको म्याद जम्मा ४ दिन बाँकी छ,' नवीकरणका लागि महोत्तरीको मटिहानीबाट आएका सौरभ भाले गुनासो गर्दै भने, '४ दिनपछि म्याद सकिन्छ, कार्यालयले त्यो समयभित्र नवीकरण गरेन भने मैले फेरि नयाँ बनाउनेजस्तै प्रक्रिया अपनाउनुपर्छ। अब यो पीडा कसलाई भन्न जाने होला ?'

कार्यालयका कर्मचारीले पनि यो ठुलो समस्या रहेको बताउँछन्। यस्तो समस्या लिएर आउने सेवाग्राहीको चित्त बुझाउन नसकेर आफूहरू लुक्नुपर्ने अवस्थासमेत आउने गरेको कर्मचारीको गुनासो छ।

# सप्तरीमा ९१ प्रतिशत धान रोपाइँ

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २१ साउन। धान उत्पादनका दृष्टिले मधेश प्रदेशको प्रमुख जिल्ला सप्तरीमा यस वर्ष धान रोपाइँ लगभग सम्पन्न भए पनि किसानले रासायनिक मलको अभाव, कृषि मजदुरको कमी र सिँचाइको असमान पहुँचजस्ता समस्यासँग जुध्नु परेको छ। समय–समयमा परेको वर्षा र नहर, बोरिङ तथा कुलोबाट उपलब्ध सिँचाइका कारण जिल्लामा बिहीबारसम्म ९१.२५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्र राजविराजले जनाएको छ।

कृषि ज्ञान केन्द्रका कृषि अर्थ विज्ञ दिपेन्द्रप्रसाद कुशवाहाले कृषि विकास निर्देशनालय, धनुषालाई पठाएको साप्ताहिक विवरणअनुसार सप्तरीमा ८१ हजार ६६७.८९ हेक्टर खेतीयोग्य जमिनमध्ये६८ हजार हेक्टरमा धान खेती हुने गरेको छ। साउन २१ गतेसम्म ९बिहीबार० ६२ हजार ५० हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भइसकेको उल्लेख गरिएको छ।

किसानका अनुसार रोपाइँको सबैभन्दा व्यस्त समयमा रासायनिक मल डीएपी नपाउँदा खेती प्रभावित भएको छ। रुपनी गाउँपालिका–२ का किसान सुरेन्द्र यादवले धान रोप्नुअघि डीएपी, युरिया र पोटास मल आवश्यक पर्ने भए पनि अधिकांश किसानले रोपाइँ सकाइसकेपछि मात्रै पालिकाबाट प्रतिकिसान १० किलोग्रामका दरले डीएपी मल वितरण सुरु गरेको बताउनुभयो। "धान रोपेपछि डीएपी मल हालेर अपेक्षित उत्पादन लिन सकिँदैन। रोपाइँअघि चाहिने मल पछि आएर किसानलाई खासै फाइदा हुँदैन," उहाँले भन्नुभयो।

मलको अभावका कारण केही किसानले चर्को मूल्य तिरेर स्थानीय बिचौलिया वा कृषि पसलबाट मल खरिद गर्न बाध्य भएको तथा सीमावर्ती भारतीय बजारबाट पनि थोरै मात्रामा मल ल्याएको किसान बिन्दा खंगले बताउनुभयो। उहाँका अनुसार यस्तो अवस्थाले किसानको उत्पादन लागत बढाउनुका साथै अनावश्यक दुःख र श्रमसमेत थपिएको छ। "समयमै मल नपाउँदा खेतीको लागत बढ्यो, तर उत्पादन बढ्ने सुनिश्चितता भने छैन," उहाँले भन्नुभयो।

जिल्लाको महदेवा गाउँपालिका किसान राजनारायण साहले कृषि मजदुरको अभावका कारण पनि रोपाइँ प्रभावित भएको बताउनुभयो। गाउँमा पर्याप्त मजदुर नपाउँदा धेरै किसानले समयमै रोपाइँ गर्न कठिनाइ भोग्नुपरेको उहाँको भनाइ छ। वैदेशिक रोजगारी र अन्य पेसातर्फ युवाको आकर्षण बढ्दै जाँदा कृषि क्षेत्रमा श्रमिक अभाव वर्षेनी बढ्दै गएको उहाँले बताउनुभयो।

यस्तै, शम्भुनाथ नगरपालिका–४ का किसान भरत यादवले जिल्लाका सबै क्षेत्रमा सिँचाइ सुविधा समान नरहेको बताउनुभयो। उहाँका अनुसार कतै नहर, बोरिङ र कुलोबाट सहज रूपमा सिँचाइ भए पनि कतिपय किसान अझै आकाशे पानीकै भरमा खेती गर्न बाध्य छन्। वर्षा भएका क्षेत्रमा रोपाइँ सहज भए पनि सिँचाइ सुविधा कमजोर रहेका स्थानमा किसानले वर्षाको प्रतीक्षा गर्नुपरेको उहाँले सुनाउनुभयो।

छिन्नमस्ता गाउँपालिकाका किसान बिन्दु साहले भने यस वर्ष समय–समयमा परेको वर्षा र नहरबाट पर्याप्त सिँचाइ उपलब्ध भएकाले विगतको तुलनामा धान रोपाइँ छिट्टै सम्पन्न भएको बताउनुभयो। उहाँका अनुसार अनुकूल मौसमले किसानलाई रोपाइँ समयमा सम्पन्न गर्न सहयोग पुगेको छ।

कृषि ज्ञान केन्द्र राजविराजका प्रमुख रोशन मेहताले स्यालो

# रक्तदान र वृक्षारोपण गरी मनाइयो प्रहरी श्रीमती संघ मधेस प्रदेशको ४२ औं वार्षिकोत्सव



धनुषा, २१ साउन। नेपाल प्रहरी श्रीमती संघ, मधेस प्रदेशले आफ्नो ४२ औं वार्षिकोत्सवको अवसरमा रक्तदान, वृक्षारोपण तथा फलफूल वितरण कार्यक्रम आयोजना गरेको छ। संघले बिहीबार नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा जनकपुरमा रक्तदान कार्यक्रम आयोजना गरेको हो।

यस्तै वातावरण संरक्षणका लागि वृक्षारोपण तथा बिरामीहरूको स्वास्थ्य लाभको कामना गर्दै फलफूल समेत वितरण गरिएको छ। कार्यक्रममा मधेस प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआईजी) ओमप्रसाद अधिकारीले प्रहरी जवानहरू २४ सै घण्टा फिल्डमा खटिने भएकाले उनीहरूको मनोबल बढाउन नेपाल प्रहरी श्रीमती संघले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए।

संघले विभिन्न सामाजिक सेवामूलक तथा मानवीय कार्य पनि सञ्चालन गर्दै आएको उनले उल्लेख गरे। उनले भने, 'हामी आशा गरौं, आज हामीले संकलन गरेको रगतले भोली रगत नपाएर बसेकालाई जीवनदान दिन सहयोग होस्।' रोपिएका बोटबिरुवाबारे बोल्दै उनले थपे, 'आज हामीले रोपेको विरुवाले भोली राम्रो छहारी या फलफुल दिनसक्छ।'

नेपाल प्रहरी श्रीमती संघ, मधेस प्रदेशकी अध्यक्ष मनिषा उप्रेतीले प्रहरी र समुदायबीचको सम्बन्धलाई अझ सुदृढ बनाउन संघले विभिन्न कार्यक्रम गर्दै आएको जानकारी दिइन्। सोही अनुरुप वार्षिकोत्सवको अवसरमा रक्तदान, वृक्षारोपण तथा फलफूल वितरण कार्यक्रम आयोजना गरिएको उनको भनाइ छ। संघले आगामी दिनमा पनि समुदायसँगको सहकार्य र सम्बन्धलाई थप प्रभावकारी बनाउन काम गर्ने जनाएको छ।

# यातायात कार्यालयद्वारा ५७ करोड १५ लाख राजस्व संकलन

जनकपुरधाम, २१ साउन। आर्थिक वर्ष २०८२/८३ मा रु ५७ करोड १५ लाखभन्दा बढी राजस्व जम्मा भएको छ। यातायात व्यवस्था कार्यालय जनकपुरधाम, धनुषाले सेवाग्राहीबाट गत आर्थिक वर्षमा उक्त राजस्व संकलन गरेको हो। नयाँ सवारी दर्ता, नवीकरण तथा सवारी चालक अनुमतिपत्र वितरणलगायतबाट आव २०८२/८३ मा सो कार्यालयले रु ५७ करोड १५ लाख ३० हजार ६३६ राजस्व संकलन गरेको कार्यालय प्रमुख वासुदेव मल्लले रासससलाई बताए।

उनले उक्त राजस्व अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा रु नौ करोड ५४ लाख १३ हजार ३४४ कम संकलन भएको जानकारी दिए। सो कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा विभिन्न शीर्षकमा रु ६६ करोड ६९ लाख ४३ हजार ९८० राजस्व संकलन गरेको थियो। गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलन तथा आर्थिक वर्षको अन्तिम महिनामा यातायात व्यवस्था विभागले सफ्टवेयर निर्माणका क्रममा ढिलाइ भएका कारण राजस्व संकलनमा कमी आएको बताइएको छ।

कार्यालय प्रमुख मल्लका अनुसार आव २०८२/८३ मा मोटरसाइकल १६ हजार ९५७ वटा, बस/ट्रक १८७ वटा, टेम्पो/विद्युतीय रिक्सा एक हजार ९०२ वटा, ट्याक्टर एक हजार २२ वटा, जिप/कार २२६ वटालगायत गरी २१ हजार २९४ वटा नयाँ सवारी दर्ता भएका छन्। यस अवधिमा नयाँ तथा वर्ग थप गरी १३ हजार ३३८ जनालाई सवारीचालक अनुमतिपत्र वितरण गरिएको थियो।

# पुल नहुँदा स्थानीयलाई सास्ती



सर्लाही, २१ साउन। सर्लाहीमा बाँके, फूलजोर, कालिन्जोर, लखन्देहीलगायत खोलाका दर्जनौं स्थानमा बसौंदेखि प्रतीक्षा गर्दासमेत पुल निर्माण हुन नसक्दा स्थानीय सास्ती खेप्न बाध्य भइरहेका छन्। अहिले बर्खाको समयमा बाढी आएका बेला एक गाउँबाट अर्को गाउँसम्म पुग्न नसक्ने अवस्था रहेको स्थानीयको गुनासो छ। सर्लाहीको चुरे पहाड क्षेत्र र सिन्धुलीको विभिन्न भू(भागमा वर्षा हुनासाथ बाँके, फूलजोर, कालिन्जोर र लखन्देहीखोलामा बाढी आउने गरेको स्थानीयले बताएका छन्।

चुरे भेगमा वर्षा भएर एक्कासि बाढी आउँदा मानिस तथा सवारीसाधन बगाउने जोखिम रहेको यात्रुले बताएका छन्। लालबन्दीस्थित एक बैंकमा सुरक्षागार्डको काम गर्ने ईश्वरपुर नगरपालिका-१२, घारीबथानका टेकबहादुर कार्कीले मंगलबार साँझ ड्युटी सकेर घर फर्कंदा फूलजोरखोलामा बाढी आएर डेढ घण्टासम्म रोकिनु परेको बताउनुभयो। खोला घटेपछि पाँच/सात जना मोटरसाइकलचालक मिलेर पालैपालो मोटरसाइकल पार गराएको कार्कीले सुनाउनुभयो।

लालबन्दी नगरपालिका-१५, देउराली र ईश्वरपुर नगरपालिका-१२, घारीबथानलाई जोड्ने फूलजोरखोलामा पुल नहुँदा स्थानीयले बसौंदेखि यस प्रकारको समस्या भोल्दै आएका छन्। लालबन्दीतर्फबाट जाँदा खोलामा ठुलो बाढी आएको दिन वारिपट्टि स्थानीयको घरमा मोटरसाइकल छाडेर जाने गरिएको कार्कीले बताउनुभयो। चुरे भेगमा पानी परेर आकस्मिक बाढी आए पैदलयात्रु, मोटरसाइकलचालक, कुखुरा तथा दुध बोक्ने गाडीलगायतका सवारीसाधन बाढी नघटुन्जेल घन्टौंसम्म कुरेर बस्ने गरेका छन्। अत्यावश्यक काम परेका घुमाउरो सडक भएर आउजाउ गर्ने गरेका छन्।

सर्लाहीमा पुल नभएका धेरै ठाउँमा यस प्रकारको समस्या छ। बाढीमा जबरजस्ती सवारी साधन हाल्दा चालक तथा गाडी नै बगाउने घटना बारम्बार हुँदै आएको छ। पुल नभएकै कारण बर्खाका बेला ईश्वरपुर नगरपालिका-१२, घारीबथान र महोत्तरीको बर्दीबास नगरपालिका-११, खयरमारा गाउँमा बाढी आउँदा आउजाउ ठप्प हुने गरेको छ। लालबन्दी नगरपालिका-११, बाहुनी र लालबन्दी नगरपालिका-१३, पत्थरकोटालाई जोड्ने बाहुनीखोलामा पुल नहुँदा बाढी आएको समयमा स्थानीयले आउजाउ गर्न पाउँदैनन्।

हरिपुर नगरपालिका-१, जानकीनगर र हरिपुर नगरपालिका-२, हरिपुर बजारलाई जोड्ने लखन्देहीखोलामा पुल निर्माणको चर्चा चलेको बसौं बितिसकेको छ। खोलामा पुल नहुँदा जानकीनगर, जगतपुर र हजारबिघा क्षेत्रका स्थानीयलाई पालिकाको केन्द्र हरिपुर बजारसम्म आउन कठिन हुने गरेको छ। हिउँदमा खोलाबाट सोझै हरिपुर बजार निस्कने गरे पनि बर्खायाममा कि जुटपानीको जीर्ण झोलुङ्गे पुल नत्र भने हरिवन र लालबन्दी नगरपालिका प्रवेश गरी महेन्द्र राजमार्ग निस्किएर पालिकाको केन्द्रसम्म आउजाउ गर्नुपर्ने बाध्यता रहेको छ।

बाँकेखोलामा पुल नहुँदा जिल्लाको दक्षिण-पूर्वी भेगको हरिपुर्वा र ईश्वरपुर नगरपालिकाका स्थानीयलाई पनि महोत्तरीको गौशाला बजार तथा पारिपट्टि पर्ने खेतमा आउजाउ गर्न समस्या पर्दै आइरहेको छ। ईश्वरपुर नगरपालिका-१३, श्रीनगरका वडाध्यक्ष तिलबहादुर तामाङले ईश्वरपुर क्षेत्रका धेरै स्थानीयको खेतीपाती, व्यापार र बजार गर्न बाक्लो आउजाउ हुने गरे पनि खोलामा पुल नहुँदा बर्खाका बेला समस्या पर्ने गरेको बताउनुभयो।

स्थानीय बासिन्दा तथा जनप्रतिनिधिले पुलको माग गर्दै प्रदेश र संघ सरकारका मन्त्री स्वयम्लाई भेटेर ध्यानाकर्षण गराउने तथा कार्यालयमा पुगेर बारम्बार ज्ञापनपत्र बुझाउने गरे पनि सुनुवाइ नभएको गुनासो गरेका छन्। धेरै ठाउँमा कालोपत्रे सडक बनिसकेको तर खोलामा पुल नहुँदा सास्ती बेहोर्नु परेको स्थानीयले गुनासो गरेका छन्। पूर्वाधार विकास कार्यालय सर्लाहीका निमित्त प्रमुख सञ्जय यादवले स्थानीय तह, पूर्वाधार विकास कार्यालय, सडक डिभिजन, स्थानीय पूर्वाधार विकास आयोजनालगायतका निकायले पुल निर्माणको काम गर्दै आइरहेको जानकारी दिनुभयो।

# नगर प्रमुखसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौँ, २१ साउन। रुकुम पश्चिमको आठबीसकोट नगरपालिकाका नगरप्रमुख रवी केसीसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७६/७७ मा सहकारी संस्था छनौट कार्यविधि विपरीत योग्यता नै नपुगेको आठबीसकोट दुग्ध सहकारी संस्था लिमिटेडलाई चिस्यान केन्द्र निर्माणको लागि अनुदान रकम उपलब्ध गराएको तथा उक्त संस्थाको लागि आठबीसकोट नगरपालिकाबाट गाडी खरिद गरी गराई भ्रष्टाचार गरेको आरोप लागेको छ।

आयोगका अनुसार केसीविरुद्ध ८० लाख २३ हजार ५१ रुपियाँ, पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिमका तत्कालीन निमित्त कार्यालय प्रमुख सुवर्ण सिंह ठकुरी, सोही कार्यालयका पशु स्वास्थ्य अधिकृत तथा तत्कालीन निमित्त कार्यालय प्रमुख ज्ञानु कुमार शर्मा, पशु सेवा अधिकृत शेर बहादुर खड्का, लेखा अधिकृत यम बहादुर पुन, कृषि अधिकृत मिन बहादुर केसी, प्रमुख प्रशासकीय अधिकृत मणिराज शाहविरुद्ध जनही ९१ लाख १७ हजार ८७३ रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको छ।

यसैगरी, आठबीसकोट दुग्ध सहकारी संस्था लिमिटेडका अध्यक्ष जनक बटाला, उपाध्यक्ष वीर बहादुर रोकाय, सचिव प्रकाश खड्का, कोषाध्यक्ष जुन कुमारी चनेलविरुद्ध जनही बिगो चिस्यान केन्द्र निर्माणतर्फको ९१ लाख १७ हजार ८७३ र गाडी खरिदतर्फको ८० लाख २३ हजार ५१ रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा फरक-फरक बिगो कायम गरी कैद र बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिइ उनीहरुविरुद्ध बिहीबार विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ।

# २४ वटा सामुदायिक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिने

**धर्वेन्द्र झा**

जनकपुरधाम, २१ साउन। मधेश प्रदेश सरकारले मधेश प्रदेशको २४ वटा सामुदायिक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने लक्ष्यका साथ चालु आर्थिक वर्षमा कामकाजलाई अगाडी बढाएको छ। मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले वहुवर्षीया योजना अन्तर्गत प्रत्येक जिल्लामा तीन वटा विद्यालय गरी जम्मा २४ वटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्नका प्रदेश सरकारले यसै आर्थिक वर्ष वाट कामको थाल्नी गर्ने बताउनुभयो।

उहाँले यसका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षमा एउटा विद्यालयका लागि डेढ करोड को दरले जम्मा ३२ करोड बजेटको विनियोजन गरेको जानकारी दिनुभयो। उहाँले बजेट कार्यान्वयनका लागि २४ वटै सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई मन्त्रलयमा बोलाएर कामकाज अगाडी बढाउनका लागि निर्देशन दिसकिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "विद्यालायका प्राधानाध्यापकलाई हामीले भनेका छौं। नमूना विद्यालयका लागि आवश्यक पर्ने पुर्वाधार र जनशक्ति प्रदेश सरकारले दिन तयार छ। विद्यालयको पठनपाठन सुधार गर्ने काम तपाईहरुको हो। त्यसमा तपाईहरु ध्यान दिनुस्।" मन्त्री सिंहले मधेश प्रदेशमा तीन हजार ४८४ वटा सामुदायिक विद्यालय रहेको जानकारी दिदै प्रदेश सरकारले आउने दिनमा सबै विद्यालयको शैक्षिक सुधारका लागि कामकाज गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)